# खिजीदेम्वा गाउंपालिका
# गाउं कार्यपालिकाको कार्यालय
# खिजीफलाटे ओखलढुंगा

**मिति २०७६।११।०७ देखि २०७६।११।१५ गते सम्म नौ ओटै वडाहरूमा सञ्चालित एकीकृत तथा घुम्ति शिविर अन्तर्गत जेष्ठ नागरिक तथा अपाङगता परिचयपत्र वितरण कार्यक्रमकोप्रगति प्रतिबेदन**

मिती: २०७६/११/१८

१ भुमिका:

खिजीदेम्वा गाउंपालिका ओखलढुंगाको पश्चिमी भेगमा अवस्थित रहेको छ । यस गाउंपालिकाको सम्पुर्ण भूभागहरू पहाडी तथा दुगर्म भएको कारणबाट जनस्तरमा शिक्षा, स्वास्थ्य खानेपानी,संचार, यातायात, विद्युत जस्ता आधारभूत आवश्यकताको पहुचबाट आम नागरिक पछाडी परिरहेको अवस्थामा गाउंपालिकाको आ.व. २०७६।७७ मा उक्त जनस्तरका समस्यालाई समाधान गर्दै लैजान एकृकीत तथा घुम्ति शिविर सञ्चालन गर्नका लागि बजेट विनियोजन भए अनुसार यस गाउंपालिकाका सम्पुर्ण वडाहरूमा गाउंपालिका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्षहरू,वडा सदस्य तथा गाउंपालिकाका सम्पुर्ण कर्मचारीहरू, यस गाउंपालिका भित्रका बुद्धिजिवी,राजनैतिक कर्मि तथा आम जनसमुदायको अथक प्रयासमा मिति २०७६।११।०७ गते वडा नं. ९बाट सुरूवात गरि सम्पुर्ण वडाहरूमा मिति २०७६।११।१५ गते सम्म ६०देखि ६९ बर्ष उमेर सम्मका सम्पुर्ण बृद्ध बृद्धाहरूलाई जेष्ठ नागरिक परिचय पत्र जम्मा ८२९ जनालाई, ७० बर्ष माथिका बृद्ध,बृद्धाहरूलाई जेष्ठ नागरिक परिचय पत्र र न्यानो कपडा सहित सम्मान जम्मा ६२७ जना साथै अपाङगता भएका व्यात्तिहरूलाई अपाङगता भए अनुसार क(रातो),ख(हरियो),ग(पहेलो) र घ(सेतो) परिचय पत्र गरि जम्मा८९ वितरण गरी सम्पन्न गरियो ।

## २.उद्देश्य

- गाउंपालिका केन्द्र सम्म सेवा लिन आउन नसक्ने व्यात्तिहरूलाई घर दैलौमा सेवा पुर्याउनु
- सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त दुरूस्त पार्नु

११।१८

नारायण पुरी
अधिकृतस्तर छैठौं

## ३. कार्यप्रक्रिया:

- खिजीदेम्वा गाउंपालिका भित्रका सम्पुर्ण वडाहरूमा एकृकीत तथा घुम्ति शिविर कार्यक्रम सञ्चालन हुने सवैको पाएक पर्ने स्थान छनोट कार्य सम्पन्न भयो ।
- उक्त कार्यक्रम कुन वडामा कहिले सञ्चालन गर्ने भनि मिति, समय र स्थानको तय भयो ।
- मिति २०७६।११।०७ गते वडा नं. ९ फाप्रेमा,त्यसैगरि मिति २०७६।११।०८ गते वडा नं. ६ बन्से, मिति २०७६।११।०९ मा वडा नं. २ फेताले, मिति २०७६।११।१० मा वडा नं. १ रगनी,मिति २०७६।११।११ गते वडा नं ३ खिजीचण्डेश्वरी, मिति २०७६।११।१२ गते खिजीकाति,मिति २०७६।११।१३ गते वडा नं.७ रावादोलु, मिति २०७६।११।१४ गते वडा नं. ८ भुसिंगा र मिति २०७६।११।१५ गते वडा नं. ५ खिजीफलाटे गरि ९ वटै वडाहरूमा जेष्ठ नागरिक परिचय पत्र वितरण,सम्मान, अपाङगता परिचय पत्र वितरण कार्यक्रम सम्पन्न गरियो ।

- सर्व प्रथम सवै जेष्ठ नागरिकहरूको पहिचान गरी ६० बर्षमाथिका सम्पुर्ण बृद्ध हरूलाई राज्यले प्रदान गर्ने सार्वजनिक सेवाको सहजताका लागि जेष्ठ नागरिक परिचय पत्र वितरण गर्नकालागि उनिहरूको नामावली अध्यावधीक गर्नकालागि उनिहरुको नागरिकताको फोटोकपि,फोटो २ प्रति, परिवारको ३ पुस्ते विवरण लिने कार्य गरि जेष्ठ नागरिक परिचय पत्र तयार गरी सम्पुर्ण बृद्धहरूको औठा छाप लगाई त्यसलाई वितरण गर्ने कार्य गरियो ।
- परिचय पत्रका आधारमा ७० बर्षमाथिका बृद्धहरूलाई सम्मान स्वरूप गाउंपालिका अध्यक्ष, उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत,प्रशासन अधिकृत, अन्य कर्मचारीहरू साथै वडा प्रतिनिधीहरू मिलेर खादा ओडाई जाडो छेक्न सहायोग पुगोस भन्ने उद्देश्य सहित न्यायो कपडा(ज्याकेट) र फुटी सहित सम्मान कार्यक्रम गरियो ।
- उक्त कार्यमा शिविरमा खटिएको टोलीलाई वडामा कार्यरत वडा सचिव तथा वडा जनप्रतिनिधीहरूले विभिन्न स्थानबाट बृद्धहरूलाई ल्याउने देखि लिएर उनीहरूलाई राख्ने ठाउं देखि लिएर जेष्ठ नागरीक परिचय पत्र वितरण गर्ने कार्यमा अथक मिहनेत गर्नु भयो ।
- गाउंपालिका भित्रमा जनतामा गाउंपालिकाले सम्मान गर्दा खुसि तथा हर्सित भई विभिन्न परिस्थीतिका बाबजुत उपस्थित हुनबाट यस्ता कार्यक्रम सञ्चाल गर्न थप हौसला तथा उत्साह बढेको देखिन्छ ।

११।१८

नारायण पुरी
अधिकृतस्तर छैठौं

४.१गाउंपालिका भरी सन्चालित एकृकीत तथा घुम्ति शिवर कार्यक्रममा निम्न अनुसारका जेष्ठ नागरिक परिचय पत्र तथा अपाङगता परिचय पत्र वितरण भयो ।

### जेष्ठ नागरिक परिचय पत्र

| क्र.स. | वडाहरू | उमेर | | | | | | कुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ७० बर्ष माथि | | | ६० देखी ६९ सम्म | | | | |
| | | पु | म | जम्मा | पु | म | जम्मा | | |
| १ | १ | ५२ | ५८ | ११० | ५७ | ६० | ११७ | २२७ | |
| २ | २ | १८ | ३६ | ५४ | ३१ | ३४ | ६५ | ११९ | |
| ३ | ३ | १६ | ३३ | ४९ | ४३ | ५० | ९३ | १४२ | |
| ४ | ४ | ३४ | ३१ | ६५ | ४९ | ३४ | ८३ | १४८ | |
| ५ | ५ | २७ | २८ | ५५ | ४२ | ३२ | ७४ | १२९ | |
| ६ | ६ | ४७ | २० | ६७ | ४० | ७० | ११० | १७७ | |
| ७ | ७ | ४५ | ३० | ७५ | ४५ | ६५ | ११० | १८५ | |
| ८ | ८ | ४० | ३९ | ७९ | ३४ | ६८ | १०२ | १८१ | |
| ९ | ९ | ३० | ४३ | ७३ | ४२ | ३३ | ७५ | १४८ | |
| कुल जम्मा | | ३१८ | ३०९ | ६२७ | ४४६ | ३८३ | ८२९ | १४५६ | |

### त्यस्तै अपाङगता भएका व्याक्तिहरूलाई परिचय पत्र वितरण कार्यक्रम

| क्र.स. | वडा नं. | म | पु | परिचय पत्रको किसिम | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रातो | निलो | पहेलो | सेतो | | |
| १ | १ | ४ | ४ | १ | ७ | | | ८ | |
| २ | २ | | २ | | | | | २ | |
| ३ | ३ | ३ | ९ | १ | ३ | ७ | १ | १२ | |
| ४ | ४ | ४ | १४ | २ | १० | ३ | ३ | १८ | |
| ५ | ५ | २ | ५ | | ६ | | १ | ७ | |
| ६ | ६ | ६ | १२ | २ | ३ | ८ | ५ | १८ | |
| ७ | ७ | २ | ८ | १ | ६ | ३ | | १० | |
| ८ | ८ | २ | ६ | १ | ३ | ४ | | ८ | |
| ९ | ९ | २ | ४ | १ | २ | २ | १ | ६ | |
| कुल जम्मा | | २५ | ६४ | ९ | ४० | २९ | ११ | ८९ | |

नारायण पुरी
अधिकृतस्तर छैठौं

५.एकृकीत तथा घुम्ति शिविर कार्यक्रमका मुख्य उपलब्धिहरू

- आम जनतामा गाउंपालिका प्रतिको सकरात्मक सोचाई बृद्धि भएको छ ।
- गाउंपालिका केन्द्र सम्म आएर सेवा लिन नसक्ने बृद्ध बद्धा तथा अपाङगता भएका व्याक्तिहरूलाई सहज रूपमा परिचय पत्र प्राप्त भएको छ ।
- गाउंपालिका द्धारा आयोजित उक्त कार्यक्रममा सम्पुर्ण जनप्रतिनिधी तथा कर्मचारीहरू उपस्थित भएकाले गर्दा कार्यक्रम थप प्रभावकारी भएको छ ।
- अपाङगता भएका तर आफ्नो पहिंचान प्राप्त गर्न नसकेका व्यक्तिहरूलाई परिचय पत्र वितरण पश्चात पहिचान प्राप्त गरेका छन् ।
- कर्मचारीहरूमा एकआपसमा समझदारी तथा सहकार्यको भावनाबाट प्रेरित हुनु भएको छ ।
- बृद्ध तथा अपाङता भएका व्याक्तिहरूको समस्याहरू लाई जनप्रतिनीधि तथा कर्मचारीले बुझ्ने वातावरण सृजना भएको छ ।

६.निष्कर्ष:

खिजीदेम्वा गाउंपालिकाका सम्पुर्ण वडाहरूमा मिति २०७६।११।०७ गते सुरूवात भएको एकृकीत तथा घुम्ति शिविर कार्यक्रम मिति २०७६।११।१५ गते वडा नं. ५ मा आएर समाप्त भयो । उक्त कार्यक्रममा विभिन्न वडाहरूमा जेष्ठ नागरीकलाई परेका समस्याहरू तथा उनीहरूलाई राज्यबाट प्राप्त हुने विभिन्न सेवाहरूलाई सहज तरिकाले उपलव्ध गराउनकालागि जेष्ठ नागरीक परिचय पत्र तथा सम्मान कार्यक्रम गरी सामाजिक सूरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउने कार्य भएको छ । उक्त कार्यक्रम सञ्चालनबाट स्थानीय सरकार तथा जनात विचको दुरी लाई घटाई सेवालाई प्रभावकारी र जनताका समस्याहरू समाधान गर्न सहयोग पुगेको छ । उक्त कार्यक्रममा खिजीदेम्वा गाउपालिका अध्यक्ष श्री बेद बहादुर रोका, उपाध्यक्ष शुशिला तामाङ, प्रमुख प्रशासकीय अधिकृत श्री सुवास पौडेल, लेखा अधिकृत गंगा देवी श्रेष्ठ, प्रशासन शाखा प्रमुख नारायण पुरी तथा सम्पुर्ण कर्मचारीहरू तथा जनप्रतिनिधीहरूको साथ र सहयोग मा सम्पन्न भएको हुदां कार्यक्रम सफल भएको प्रतिकृया प्राप्त भएको छ ।

११।१८

नारायण पुरी
अधिकृतस्तर छैठौं



१.१ चित्र नं. १ वडा नं. १ मा मिति २०७६/११/१० गते जेष्ठ नागरीक सम्मान तथा अपाङगता परिचय पत्र वितरण गर्नु हुदै गा.पा. अध्यक्ष, प्र.प्र.अ साथै अन्य कर्मचारी तथा जनप्रतिनिधीहरू



१.२ चित्र नं. २ मिति २०७६/११/०९ मा वडा नं. २ मा भएको जेष्ठ नागरीक सम्मान तथा तथा अपाङगता परिचय पत्र वितरण गर्नु हुदै गा.प्र. अध्यक्ष श्री बेद बहादुर रोका



१.३ चित्र नं. ३मिति २०७६/११/११ गते वडा नं. ३ मा भएको जेष्ठ नागरीक सम्मान तथा तथा अपाङगता परिचय पत्र वितरण गर्नु हुदै वडा अध्यक्षश्री टंकराज सूनुवार



१.४चित्र नं. ४मिति २०७६/११/१२ गते वडा नं. ४ मा भएको जेष्ठ नागरीक सम्मान तथा तथा अपाङगता परिचय पत्र वितरण कार्यमा सहभागिहरु

नारायण पुरी
अधिकृतस्तर छैठौं



१.५ चित्र नं. ५मिति २०७६/११/१५ गते वडा नं. ५ मा भएको जेष्ठ नागरीक सम्मान तथा तथा अपाङगता परिचय पत्र वितरण गर्नु हुदै वडा अध्यक्षश्री राम सूनुवार साथै प्रशासन अधिकृत नारायण पुरी ।



१.६ चित्र नं. ६वडा नं. ६ मा मिति २०७६/११/०८ गते जेष्ठ नागरीक सम्मान तथा अपाङगता परिचय पत्र वितरण कार्यकममा सम्मान गर्नु हुदै गा.पा. अध्यक्ष, उपाध्यक्ष साथै अन्य कर्मचारी तथा जनप्रतिनिधीहरू

नारायण पुरी
अधिकृतस्तर छैठौं



१.७ चित्र नं. ७वडा नं. ७ मा मिति २०७६/११/१३ गते जेष्ठ नागरीक सम्मान तथा अपाङगता परिचय पत्र वितरण कार्यक्रममा सम्मान गर्नु हुदै वडा अध्यक्ष श्री भुपेन्द्र वस्नेत साथै अन्य कर्मचारी तथा जनप्रतिनिधीहरू



१.८ चित्र नं. ८वडा नं. ८ मा मिति २०७६/११/१४ गते जेष्ठ नागरीक सम्मान तथा अपाङगता परिचय पत्र वितरण कार्यक्रममा सम्मान गर्नु हुदै वडा अध्यक्ष श्री नगेन्द्र वस्नेत साथै अन्य कर्मचारी, जनप्रतिनिधिहरू तथा जेष्ठ नागरीकहरू

नारायण पुरी
अधिकृतस्तर छैठौं



१.८ चित्र नं ९. वडा नं. ९ मा मिति २०७६/११/०७ गते जेष्ठ नागरीक सम्मान तथा अपाङ्गता परिचय पत्र वितरण कार्यक्रममा सम्मान गर्नु हुदै गा.पा. अध्यक्ष श्री येद बा. रोका साथै अन्य कर्मचारी तथा जेष्ठ नागरीकहरू